नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकसः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- ०८१/८२
चलनी नं.:- ११३०

मितिः २०८१/१०/२३

विषयः विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त सम्वन्धमा।

श्री नेपाल पोर्टफोलियो इनर्जी प्रा.लि.,
तिनकुने,काठमाडौं, नेपाल।
फोन नः ०१-५१९९४५४

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित माथिल्लो चुवा लुरुप्या खोला अर्धजलाशययुक्त जलविद्युत आयोजनाको विषयः विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त सम्वन्धमा मिति २०८१/०८/२७ (द.नं.३७८६) मा पेश भएको दरखास्त माथि कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १३(२) मा उल्लेख भएका मध्ये निम्न विवरण/प्रतिवेदनहरू पेश हुन बाँकी देखिएकोले सोही निर्देशिकाको दफा १३(३) बमोजिम ३५ दिनको समयावधि भित्र विवरणहरू पेश गर्न हुन यस विभागको मिति २०८१/१०/१३ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

१. उद्योग दर्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि।
२. स्वीकृत वातावरणीय प्रतिवेदन (EIA) तथा सोको Soft Copy।
३. अध्यावधिक शेयर लागतको Soft Copyy।
४. प्रवर्द्धक कम्पनीको आ.व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्र (नोटराइज प्रतिलिपि)।
५. कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि)।
६. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत।
७. Detail Feasibility Study Report: Main Report, Appendices and Drawings को Soft Copy।
८. विभागको Website मा रहेको Networth फारमको ढाँचामा आयोजनाको आवश्यक स्वपुंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीको Networth वा प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth
९. शेयर धनी बाहेक यस आयोजनामा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता पत्र।
१०. व्यक्ति वा संस्थाको Immovable सम्पति को हकमा सम्बन्धित संस्थाबाट Valuation प्रतिवेदन र सम्पतिको Valuation तयार गर्ने संस्थाको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात।
११. नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा COP (नोटराइज गरिएको प्रतिलिपि)।
१२. प्रस्तुत आयोजनाको शेयरधनीले अन्य विद्युत आयोजनामा संलग्न रहेको आयोजनाहरुको नाम विवरण तथा सो आयोजनामा गरिएको लगानीको जानकारी।